## विश्व बाघ दिवस, २०२३ को अवसरमा जारी गरिएको

# प्रेस विज्ञप्ति

आजको दिन संसारभरि बाघको संरक्षणलाई विशेष महत्व दिँदै विश्व बाघ दिवस मनाइएको छ। विश्वमा बाघ पाइने १३ मुलुकहरु मध्ये नेपालले बाघको संख्या वृद्धि गर्नमा उल्लेख्य सफलता हासिल गरेको छ। यो संख्या कायम गर्ने एवं मानव-बाघ द्वन्द्व सामना गर्नुपर्ने चुनौती समेतलाई मध्यनजर गरी तय गरिएको ***मानव-बाघ सहअस्तित्व (Human-Tiger Co-existence)*** भन्ने मूल नारासहित नेपालभरी विभिन्न कार्यक्रम/समारोह आयोजना गरी यो दिवस मनाइएको छ। विभिन्न जिल्ला, निकुञ्ज र समुदायस्तरमा पनि विविध कार्यक्रमका साथ यो दिवस मनाइएको छ।

यसै उपलक्ष्यमा सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूले शुभकामना सन्देश जारी गर्नुभएको छ। साथै सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड) ज्यूले समेत आजै गोरखापत्र दैनिकमा शुभकामना प्रकाशित गर्नुभएको छ।

नेपालमा तराईका ५ वटा निकुञ्जहरु र वरपरका वन क्षेत्रमा बाघ पाइन्छन्। सन् २०२२ को तथ्याङ्क अनुसार नेपालमा ३५५ वटा बाघ छन्। सन् २०१० मा रुसको सेन्ट पीटरवर्गस् मा भएको प्रथम बाघ सम्मेलनले हरेक वर्ष जुलाई २९ लाई विश्व बाघ दिवस मनाउने घोषणा गरेको थियो। सोही सम्मेलनमा विश्वका बाघ पाइने १३ देशका सरकार प्रमुख समेतको उपस्थितिमा बाघको संख्या सन् २०२२ सम्ममा दोब्बर बनाउने प्रतिबद्धता व्यक्त भएकोमा नेपालमा सो अवधिमा करिव तेब्बर संख्यामा बाघ वृद्धि भएको छ।

सदर चिडियाखाना, ललितपुरमा माननीय वन तथा वातावरण मन्त्री डा. विरेन्द्र प्रसाद महतोज्यूको प्रमुख आतिथ्यतामा विश्व बाघ दिवस, २०२३ को मूल समारोह आयोजना गरियो। यस अवसरमा चिडियाखानामा रहेका बाघलाई आहारा खुवाएर कार्यक्रम सुरुवात गरिएको थियो। नेपाल टेलिकमवाट बाघ संरक्षण र बाघको आक्रमणबाट बच्न सचेतना अपनाउन अनुरोध सहितको सन्देशमूलक CRBT आज दिनभर प्रसारण गरिएको छ। साथै, बिहानको समयमा वन परिसर बबरमहलमा बाघ दिवसको मूल नारा राखी तयार गरिएको बाघको चित्र अंकित ब्यानर, वन तथा वातावरण मन्त्रालयाका सचिव डा. रेवती रमण पौडेलज्यूबाट अनावरण गरिएको थियो। आजै, बाघ संरक्षण, व्यवस्थापन र सृजना भएका चुनौतीहरुलाई व्यवस्थापन गर्ने गरी सन् २०२३ देखि २०३२ सम्मका लागि तय गरिएको Tiger Conservation Action Plan समेत प्रमुख अतिथिज्यूबाट सार्वजनिक गरिएको थियो। बाघको बासस्थान व्यवस्थापन, आहारा प्रजाति संरक्षण, वन क्षेत्र वरपरका समुदायको जीवनस्तर उकास्ने र मानिसको आनीबानी परिवर्तनका विषयहरुसमेत समेटेर National Tiger Management Plan समेत तयार हुँदैछ।

मानव वन्यजन्तु द्वन्द र संरक्षणमा खटिने क्रममा ज्यान गुमाउनु हुने सम्पूर्ण महानुभावहरुमा हार्दिक श्रद्धा-सुमन अर्पण गर्दै संरक्षणमा योगदान पुर्याउनु हुने वन-निकुन्जका कर्मचारी, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, संरक्षण साझेदार संस्थाहरु, मध्यवर्ती क्षेत्र एवं स्थानीय वासिन्दा, संचारकर्मीज्यूहरु लगायत सम्पूर्णमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

अजय कार्की
प्रवक्ता एवं उप महानिर्देशक
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

मिति: २०८०।०४।१३ (२९ जुलाई, २०२३)